**नेपाल सरकार**

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको

**सूचना**

### निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पाँचौं संशोधन) नियमावली, २०७१

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पाँचौं संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ३ मा संशोधन :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

३. **मूल नियमावलीको नियम ४ मा संशोधन :** मूल नियमावलीको नियम ४ को उपनियम (१ग) मा रहेको "बढीमा सात वटासम्म" भन्ने शब्दहरूको सट्टा "बढीमा बाह्र वटासम्म" भन्ने शब्दहरू राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ८ मा संशोधन :** मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको "कार्यक्रमको कूल रकमको पाँच प्रतिशतसम्म" भन्ने शब्दहरूको सट्टा "कार्यक्रमको लागि



332
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।